# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## परासी, नवलपरासी
५ नं. प्रदेश, नेपाल

प. सं.:२०७६/०७७ मितिः २०७६।०५।१०

च.नं.: ..........

विषय :- विषय विज्ञको सूचीकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा रामग्राम नगरपालिका भित्रका सामुदायिक विद्यालयमा रीक्त रहेका /रीक्त हुने स्वीकृत दरबन्दी , राहत कोटा र शिक्षण सिकाई अनुदान दरबन्दी सृजना हुने पदहरुमा अस्थायी/करार/निजी/स्वयम् सेवक शिक्षक तथा विद्यालय कर्मचारी र विद्यालय सहयोगी छनौट गर्नका लागी विषय विज्ञको सूचि अध्यावधिक गर्नुपर्ने भएकोले तोकिएका योग्यता पुगेका रामग्राम न.पा. भित्रका विद्यालयमा कार्यरत इच्छुक शिक्षक तथा प्रधानाध्यापकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन दिन हुन यो सूचना प्रकाशन गरीएको छ ।

तपसिल

**(१) आवश्यक योग्यता :**

क) माध्यमिक तहको विज्ञका लागि कम्तिमा सम्वन्धित विषय / शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्वन्धित तहको १० महिने तालिम वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको ।

ख) आधारभुत तह को हकमा विज्ञका लागि कम्तिमा सम्वन्धित विषय / शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण गरी सम्वन्धित तहको १० महिने तालिम वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको ।

ग) विशेषज्ञ सुचीमा रही काम गर्न चाहने व्यक्तिहरुको शिक्षण अनुभव कम्तिमा ५ वर्ष पुरा गरेको र कम्तिमा सोही तहको स्थायी शिक्षक हुनुपर्ने छ ।

घ) दुवै तहको विज्ञ हुन इच्छुक व्यक्तिले दुवै तहका लागि अलग अलग निवेदन दिनु पर्नेछ ।

**(२) पेश गर्नुपर्ने कागजात :**

क- निवेदन फाराम

ख- शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु

ग- १० महिने वा सो सरह तालिमको प्रमाणपत्रको प्रतिलिपी (आवश्यक पर्नेको हकमा मात्र)

घ- अध्यापन अनुमति पत्रको प्रतिलिपी

ङ- स्थायी नियुक्तिको प्रतिलिपी

च- शिक्षक सेवा आयोगको हालको पाठ्यक्रमानुसार सम्बन्धित तहको कम्तिमा १ सेट नमुना प्रश्न पत्र ( उत्तर कुन्जिका सहित )

५/१०

रुद्र प्रसाद रेग्मी

उपसचिव

रुद्र प्रसाद रेग्मी
उप सचिव

श्री नगर शिक्षा अधिकारी ज्यु
रामग्राम न.पा.,नवलपरासी

मिति : २०७६।...।...

विषय : विषय विज्ञमा सूचिकृत हुन पाउँ ।

प्रस्तुत विषयमा मलाई...............तहको ...............विषयको विज्ञको सूचिमा सूचिकृत हुने इच्छा भएकोले तपसिलको विवरण सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

तपसिल

(क) व्यक्तिगत विवरण :

१- नाम थर :

२- हाल कार्यरत विद्यालयको नाम :

३- स्थायी नियुक्ति भएको मिति :

४- सवै भन्दा माथिल्लो शैक्षिक योग्यता :

५- १० महिने तालिमको लिएको संस्थाको नाम :

६- अध्ययन गरेको मुल विषय :

७- नियुक्ति भएको विषय :

८- अध्यापन गरीरहेको विषयहरु :

९- विज्ञमा सुचिकरण हुन चाहेको तह : माध्यमिक/आधारभूत/माध्यमिक र आधारभूत तह दुवै

(ख) पेश गरिएका कागजातहरु : ( प्रतिलिपीहरुमा सकल बमोजिम नकल ठीक छ भनी आफैले दस्तखत गर्ने )

१-

२-

३-

४-

५-

६-

माथि उल्लेखित विवरणहरु ठीक छन । झुठा ठहरे कानुन बमोजीम सहुला बुझाउला ।

निबेदकको नाम :

दस्तखत :

मिति :